नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार,२०७९ सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८०/०२/०२**

चालु आ.ब. २०७९/०८० को "इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार,२०७९" का लागि देहाय बमोजिमको विषयगत क्षेत्रमा योगदान पुऱ्याएका जम्मा १(एक) जना व्यक्ति वा संस्थालाई इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार समर्पण गरिने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र योग्य व्यक्ति वा संस्थाले आवश्यक विवरण र कागजात सहित यस मन्त्रालयको संस्कृति महाशाखा वा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा प्राप्त हुने गरी आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।पुरस्कार सम्बन्धी कार्यविधि एवं अन्य जानकारी यस मन्त्रालयको वेबसाइट www.tourism.gov.np मा डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**१.पुरस्कारका मूल विधा र क्षेत्रः**

(क) नेपाली इतिहासको खोजमूलक अध्ययन, अनुसन्धान तथा प्रचार प्रसार गरी सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान गरेको वा इतिहास शिरोमणी बाबुराम आचार्यले पुऱ्याउनु भएको विशेष योगदानको विषयमा खोज,अध्ययन, अनुसन्धान गरी सो क्षेत्रमा उत्कृष्ट योगदान गरेको व्यक्ति वा संस्था ।

**२.आवेदन दिदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण वा कागजातहरुः**

(क)व्यक्ति/संस्थाको विवरणःनाम/थर,आमा/बुवाको नाम,पति/पत्निकोनाम, सम्पर्क ठेगाना, ई-मेल,फोन/मोबाइल

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) पासपोर्ट साइजको २ प्रति फोटो,

(घ) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण(एक प्रति सम्भव भएसम्म)

(ङ) प्रकाशित कृति नभएको अवस्थामा अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत ।

**द्रष्टव्य :** पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको जानकारी प्रयोजनको लागि सिमित रहनेछ। सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानका आधारमा समेत मुल्यांकन गर्न सक्नेछ।

**पुरस्कार सम्बन्धी विस्तृत जानकारी एवं आवेदन/सिफारिस पठाउने ठेगाना**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**संस्कृति महाशाखा, सिंहदरबार ।**

**फोन नं. ०१-४१२२९०९ र ०१-४२११५९६**